# आ.व. २०८१।०८२ को

# नीति तथा कार्यक्रम

स्वामीकार्तिक खापर गाउँपालिका

बाजुरा जिल्ला

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८१

गा.पा.अध्यक्ष

**सम्मानित गाउँसभाका सदस्यज्यूहरु, उपस्थित सम्पूर्ण अतिथि महानुभावहरु**

आज मिति २०८१ साल असार महिनाको १० गतेका दिन यस गरिमामय दोस्रो गाउँ सभाको १४ औं अधिवेशनमा स्वामीकार्तिक खापर गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा आफूलाई गौरवान्वित महशुस गरेको छु।

देशमा समावेशिता सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना गर्न तथा नेपालको समग्र रुपान्तरणका लागि विभिन्न काल खण्डमा भएका राजनैतिक आन्दोलन र संघर्षको क्रममा देश र जनताको उन्नती र कल्याणका लागि जीवन समर्पण गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। यसै क्रममा यस गाउँपालिकाका श्रद्धेय उपाध्यक्ष स्वं मैना जोशी ज्यू प्रति भावपूर्ण श्रद्धान्जली ब्यक्त गर्दछु। साथै उहाँको अल्पायुमै भएको अकल्पनीय निधनले यस गाउँपालिकालाई अपुरणीय क्षती भएको महशुस गरेको छु। उहाँको सम्मान स्वरुप गा.पा.ले मैना जोशी अक्षय कोषको स्थापना गरी सामाजिक सरोकारका विभिन्न क्षेत्रमा काम गर्ने निती लिनेछ।

विभिन्न राजनैतिक आन्दोलनका क्रममा घाइते तथा बेपत्ता नागरिक प्रति उच्च सम्मान ब्यक्त गर्न चाहन्छु । स्वामीकार्तिक खापर गाउँ पालिकाको समग्र विकासका लागि अमूल्य योगदान पुर्याउनु हुने सम्पूर्ण आदरणीय नेता ज्यूहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु।

यस स्वामीकार्तिक खापर गाउँपालिकाको समग्र क्षेत्रको विकास र समृद्धिका लागि नेपालको संविधान, संघिय, प्रादेशिक तथा स्थानिय कानुन, आवधिक योजना, राज्यले लिएको दिगो विकास लक्ष्य, तथा सवै बर्ग क्षेत्रका सरोकारवाला महानुभावहरुको अमूल्य सुझाव समेतका आधारमा स्थानीय तहले सम्पादन गर्नु पर्ने कार्य र वहन गर्नु पर्ने समग्र दायित्व निर्वाह गर्दै पालिकालाई सवल सुशासनयुक्त, आत्मनिर्भर र प्रविधिमैत्री बनाउने ध्ययका साथ आगामी आ व २०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम लक्षित रहेको कुरा सम्मानित सभामा निवेदन गर्न चाहान्छु।

सेवा ग्राहीले सहज र सुलभ तवरबाट सेवा पाउने संवैधानिक तथा कानुनी हक अधिकारलाई सुनिश्चित गर्न, सूचना प्रविधिको प्रयोग र भौतिक जनशक्तिको उचित व्वस्थापन गर्न आवश्यक भएकाले सिमित स्रोत साधनका वावदुत पनि त्यस तर्फ हामी निरन्तर लागि रहेका छौं।

शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, न्याय निरुपण, विपद व्वस्थापन, मानव अधिकार, सुशासन प्रवर्द्धन जस्ता जनसरोकारका विषय वस्तुलाई आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममा समावेश गर्ने अधिक प्रयत्न गरिएको छ ।

भरत बहादुर रोकाया
गा.पा. अध्यक्ष

आन्तरिक, स्रोतको परिचालन गरी आत्मनिर्भता सहितको सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प हो । यहि संकल्पले मात्र समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना पुरा हुने र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामी निरन्तर प्रतिवद्ध छौं। यसका लागि दिगो विकासका राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण संहित स्थानीय स्रोत साधनको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकासमा **"सबै जनताको हक बरावर, सुखि जनता, समृद्ध स्वामीकार्तिक खापर" को** लक्ष्य हाँसिल गर्न सार्वजनिक, निजि, सहकारी क्षेत्र संगै स्थानिय समुदायको साझेदारी विकास गरिनेछ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, विपदबाट प्रभावित पिडितहरुलाई व्यवस्थापन गर्ने, स्वच्छ र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध बस्ती विकास र साना शहरीकरणका योजनालाई समेत यस नीति तथा कार्यक्रमले प्राथमिकताका साथ अघि सारेको छ।

## (क) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )

विश्वका शक्ति राष्ट्रहरुमा भै रहेको कलह र युद्धले विश्वकै व्यायभारमा असन्तुलन पैदा गरेको छ जसको प्रभाव हाम्रो देशमा समेत परि सम्पूर्ण देशको अर्थतन्त्रका सुचकमा आएको गिरावटको अवस्था र हाम्रो जस्तो विकासोन्मुख, रोग, भोक, बेरोजगारी, गरिबी तथा अनिकाल र प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको मुलुकमा उपलब्ध सिमित स्रोत साधन र असिमित आवश्यकता पुरा गर्न निश्चय पनि चुनौती पूर्णछ ।

आगामी आ.व. २०८१/०८२ का लागि संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त वित्तीय अनुदान समेत घटेर आएको तथा स्थानीय तहको आफ्नो राजश्व क्षमता पनि बलियो नभएको साथै प्राकृतिक प्रकोपको दृष्टिले उच्च जोखिममा रहेको स्वामीकार्तिक खापर गाउँपालिकामा आगामी आ.व.मा पनि प्रभाव पार्ने निश्चित जस्तै छ । तसर्थ यस्ता प्राकृतिक प्रकोपको सामना गर्नु हाम्रो मुख्य चुनौती रहेता पनि आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमलाई समग्र विषय क्षेत्र समेट्ने प्रयास गरिएको छ ।

आन्तरिक र वाह्य बसाइँ सराइका कारण हाम्रा गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन। उब्जाउ खेत बारी बाँझो हुन पुगेकाछन । बार्षिक हजारौं युवाहरू भारत तथा तेस्रो मुलुकमा सस्तो श्रम बेच्न बाध्य हुदा हामीले युवालाइ गाउँपालिका भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँका युवा गाउँमै रोक्ने चुनौती सबैको साझा मुद्दा हुन पुगेको छ ।

भरत बहादुर रोकाया
गा.पा.अध्यक्ष

यस्तो विशिष्ट परिस्थितिमा गाउँपालिकाका स्थानीय आर्थिक विकासका श्रोतहरू पहिचान गरी उत्पादन र रोजगारीसँग जोड्नु आवश्यक छ । संघीय र प्रदेश सरकारका योजनाको व्यवस्थाका कारणले पनि हामीले हाम्रो न्यून आर्थिक स्रोतका वावजुत धेरै कार्य गर्नुपर्ने चुनौती खेपिरहेका छौं। यस परिस्थितिसंग अब डटेर लड्नु बाहेक अर्को बिकल्प छैन । त्यसैले यो लडाइमा आम स्वामीकार्तिक खापर बासीको साथ र सहयोग अत्यावषेक छं ।

**(ख) विकास तथा समृद्धिको लक्ष्य प्रासिका अवसर तथा चुनौतीः-**

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन्

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. गाउँपालिकाका सबै वडामा विध्युत, सडक बाटो, सञ्चार सुविधा, दिगो पूर्वाधारको पहुँच हुनु।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।
७. पर्याप्त मात्रामा बहुमूल्य जडिवुटीको सम्भावना, फलफूल तथा तरकारी खेति, पर्यटकीय तथा धार्मिक स्थल र प्राकृतिक स्रोत हुनु ।
८. सामुहिक मुद्दा र सवाहलमा सबै पक्ष एकजुट हुनु,
९. कर्णाली नदीको किनार देखि उच्च लेकाली भाग सम्म विविधतायुक्त हावापानी हुनु,
१०. गाउँपालिकाको लेकालि भेगमा प्रर्याप्त मात्रामा बनजंगल हुनु ।
११. नागरिकले प्रत्यक्ष स्थानीय सरकारको अनुभूति गर्न पाउनु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन्

१. प्राकृतिक प्रकोप र विकट भौगोलिक वनावट,
२. युवालाई विदेश पलाएन हुन वाट रोकी जीविकोपार्जन कार्यमा आकर्षित बनाउनु ।
३. रोजगार उन्मुख तथा सीपमूलक शिक्षाको विकास गर्नु ।
४. व्यावसायिक कृषकको संख्या वृद्धि गरी युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

भरत बहादुर रोकाया
गा.पा.अध्यक्ष

५. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।

६. स्रोत अभावका कारण निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

७. भिरालो ठाउँ, बाढी पहिरो तथा नदी कटान लगायतका प्राकृतिक प्रकोपको उच्च जोखिम हुनु ।

८. भौगोलिक जटिलताका कारण सञ्चार तथा सुचना प्रविधि सेवा प्रभावकारी र व्यवस्थित गर्न नसकिनु।

९. प्राकृतिक प्रकोपका कारण नदीजन्य कटान रोक्नु।

१०. प्राकृतिक प्रकोप तथा विपदवाट प्रभावित बस्तीहरू स्थानान्तरण गर्नु ।

११. संघ र प्रदेशबाट प्राप्त हुदै आएको सम्पूरक र साझेदारीका योजना घट्दै जानु ।

१२. संघीय सरकारले आर्थिक वर्षमा घोषणा गरे बमोजिमको बजेट समयमै उपलब्ध नगराउनु ।

१३. गाउँपालिकाको आन्तरिक आम्दानीका स्रोत न्यून हुनु ।

१४. आफ्नै स्रोत साधानबाट गाउँपालिका संचालन गर्ने स्थिति नहुनु ।

१५. मनसुनमा अधारित वर्षा हुनु वा हिउँदमा चरम खडेरी पर्नु ।

## (ग) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

अब म गाउँसभा समक्ष आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका देहायका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१. नेपालको संविधानको अनुसूची ८ र अनुसूची ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हक, राज्यका नीति तथा निर्देशक सिद्धान्तहरु ,

२. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग २०७४

३. सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ का सान्दर्भिक दफा तथा नियमहरु

४. स्थानीय तहको योजना दिग्दर्शन २०७८ ,

५. गाउँपालिकाबाट जारी भएका ऐन नियम नीति तथा कानुन र नियमावलीहरू

६. नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु

७. स्थानीय सरकार संचालन ऐन २०७४

८. नेपाल सरकारको १६ औं योजना र सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु

९. राजनैतिक दलबाट प्राप्त सुझावहरु

१०. विगतका वर्षमा सम्पन्न भएका गाउँसभा, बैठकबाट भएका निर्णयहरु

११. स्थानीयका राय, सल्लाह र सुझावहरू

१२. विभिन्न विषयगत शाखाबाट प्राप्त राय, सल्लाह र सुझावहरु

भरत बहादुर रोकाया
गा.पा. अध्यक्ष

१३. नेपाल सरकारले प्राथमिकता जनाएका दिगो विकासका लक्ष्यहरु

१४. गाउँपालिकाले एकिकृत गरेका विभिन्न ऐन, नियम, नीति, नियमावली, कार्यविधि, निर्देशिकाहरू

## (घ) यस गरिमामय सभाका सदस्य ज्यूहरु

**अब म चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न गै रहेको छु.**

१. स्वामीकार्तिक खापर गाउँपालिकामा यस आर्थिक बर्षमा सूईजिउला देखि फयालगाउँसम्म सडक खण्डको रातापाखा रुडी सडकको २.५ कि.मि. ट्र्याक खोलिएको छ। साथै गाउँपालिकामा रहेका विभिन्न सडक गरि जम्मा ३५ किमि सडक मर्मत र सुधार गरिएको छ ।

२. गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ।

३. विगत केही वर्ष देखी संचालनमा हुन नसकेको गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ्ग शिल्डको सफल आयोजना गरि सम्पन्न गरिएको छ।

४. जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा पदक हाँसिल गर्ने खेलाडीलाई सम्मान सहित नगद पुरस्कार प्रदान गरियो ।

५. गाउँपालिकालाई सडक सञ्जाल सँग जोड्न कर्णाली नदीमा फेरि संचालनमा निरन्तता दिइएको छ ।

६. गाउँपालिकावाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाई विस्तार गर्ने क्रम जारी छ ।

७. ढिकुरी सिचाँई कुलो, रुडी सिचाँई कुलो लगायत सिँचाई कुलोहरु यसै आ.व.भित्र सम्पन्न हुने गरि निर्माणाधिन अवस्थामा रहेका छन ।

८. गाउँपालिकामा रहेको १० शैय्याको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ।

९. गाउँपालिकामा ७ वटा विद्यालयका ३२ कोठा पक्की भवन निर्माण भएका छन् ।

१०. यस कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोगको थालनी भएको छ ।

११. विकासका विभिन्न क्षेत्रमा समानुपातिक सहभागिता सहित महिला तथा युवाहरूको संलग्नता बढेको छ ।

१२. माध्यामिक शिक्षा (कक्षा १-१२) सम्म निःशुल्क पठनपाठन हुने व्यवस्था गरिएको छ ।

१३. यस पालिकामा कक्षा १ देखि ८ सम्मको स्वामीकार्तिक दर्पण (स्थानीय पाठ्यक्रम) लागु भएको छ ।

१४. यस पालिकालाई पूर्ण खोपयुक्त र साक्षर पालिका घोषणा गरिएको छ ।

१५. गाउँपालिका भरि ११० घरधुरि खर मुक्त भएका छन ।प्राकृतिक प्रकोपबाट प्रभावित २१ वटा घरको पुन निर्माणको लागि अन्तिम भुक्तानि हुने चरणमा रहेको र ८५ घरधुरिको पहिलो किस्ता निकासा हुने अवस्थामा रहेको छ ।

भरत बहादुर रोकाया
गा.पा.अध्यक्ष

१६. रैथाने बाली प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम GIZ/Grape परियोजना सँगको सहकार्यमा संचालनमा ल्याईएको छ ।

१७. स्याउ नर्सरी (फर्मको) स्थापना गरिएको छ।

१८. आ.व. २०८०/०८१ देखी संचालनमा रहेको नुन तथा चामल विक्री केन्द्र निरन्तर संचलानमा रहेको छ ।

१९. यस गाउँपालिकामा उत्पादन भएको स्याउ भण्डारणको लागी ४ वटा वडामा १४ वटा सेलार स्टोर निर्माण गरिएको छ ।

२०. रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लागत तयार गरी बिभिन्न सिपमूलक तालिम सञ्चालन गरिएको छ ।

२१. स्थानीयलाई कृषि क्षेत्रमा आकर्षण गर्न तथा स्थानीय उत्पादनलाई बजारिकरण गर्न गाउँपालिकाले कृषि हाटबजार संचालनमा ल्याएको छ ।

२२. गाउँपालिकाले ३७ वटा ऐन, ८ वटा नियमावली, ७० वटा कार्यविधि, र ११ वटा निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

२३. यस गाउँपालिकाले गत आ.व. २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७९.५ अंक प्राप्त गरेको छ ।साथै चालु आ.वको को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन आगामी आ.व २०८१/०८२ को पुस मसान्त भित्र प्रकाशित गरिनेछ ।

२४. राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनवाट आन्तरक राजश्व स्रोतको दायरामा वृद्धि भएको छ ।जस अनुसार चालु आ.व. मा रु. २२ लाख राजश्व संकलन भएको छ ।

२५. स्वामिकार्तिक खापर गाउँपालिकाको वडा नं. ०२ र जगन्नाथ गाउँपालिकाको बेर्मा जोड्ने झोलुङ्गे पुलको निर्माण गर्न टेण्डर प्रक्रिया पुरा भइ निर्माणको चरणमा रहेको छ।

२६. गाउँपालिकाको केन्द्र देखि भैरबनाथ जुकोटसम्मको सडक स्तरोन्नतीका लागि टेन्डर भई निर्माणाधिन अवस्थामा रहेको छ ।

२७. गाउँपालिकालाई राष्ट्रिय सडक संञ्जालमा जोड्न स्वामीकार्तिक खापर गाउँपालिकाको वडा नं. ४ स्थित वाईको कर्णाली नदीमा पक्की पुल निर्माण प्रक्रियामा रहेको छ।

भरत बहादुर रोकाया
गा.पा.अध्यक्ष

## (ङ) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

सभा सदस्य ज्यूहरु,

अब म आ. व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

### १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

**क. शिक्षा**

१. गाउँपालिकाको **स्वामीकार्तिक दर्पण (स्थानीय पाठ्यपुस्तक**) प्रकाशन गरी लागु गरिनेछ ।

२. सामुदायिक विद्यालयहरुमा शिक्षक, विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक मिलान गर्ने नीति लिईनेछ।

३. "**उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान**" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

४. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि व्यवस्थापन समितिका अध्यक्ष र शिक्षकलाई शैक्षिक भ्रमण व्यवस्था गर्ने नीति लिईनेछ ।

५. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशालालाई नियमित सञ्चालन गरिने छ ।

६. **'एक मा.वि. एक करेसाबारी'** कार्यक्रम लागु गर्ने नीति कार्यान्वयँन गर्दै लगिने छ साथै **'विद्यालय हरियाली'** कार्यक्रम लागु गरिनेछ ।

७. विद्यालयका भौतिक संरचना र खेलकुद मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

८. गाउँपालिका अन्तर्गतका माध्यामिक विद्यालयमा भौतिक संरचनाको सुरक्षाको लागि चौकीदारलाई निरन्तरता दिइनेछ ।

९. गाउँपालिकाका सामुदायिक विद्यालयहरुको प्रधानाध्यापकका लागि शिक्षा ऐन २०२८ शिक्षा नियमावलि २०५९ (संशोधन सहित) मा व्यवस्था भए अनुसार तहगत शैक्षिक योग्यता लागु गरिनेछ ।

१०. सामुदायीक विद्यालयबाट SEE र कक्षा १२ मा उत्कृष्ट विद्यार्थीलाई छात्रवृतिको व्यवस्था लाई निरन्तरता दिईने छ ।

११. कर्तव्य निष्ठ, इमान्दार, नियमित शिक्षक र उत्कृष्ट विद्यालयलाई "**मैना जोशी अक्षयकोष**" बाट पुरस्कृत र प्रोत्साहन गरिने छ ।

१२. उत्कृष्ट दलित छात्र छात्रालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।



भरत बहादुर रोकाया
गा.पा.अध्यक्ष

१३. **"हाम्रो विद्यालय रामो विद्यालय"** मुल नाराका साथ नमुना विद्यालय छनोट गरि कार्यक्रम लागु गरिनेछ ।

१४. वालशिक्षा सिकाइलाई प्रभावकारी, गुणस्तरीय बनाउनका लागि बालविकास सहजकर्तालाई क्षमता अभिबृद्धि तालिमको ब्यवस्था गरिने छ र सिकाइमा एकरुपता ल्याउनका लागी अंग्रेजी/नेपाली वर्णमाला लागू गरिनेछ ।

१५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनमा आधारित बनाउदै व्यवस्थित रुपमा संचालन गर्न सबै विद्यालयहरुमा सुविधा युक्त भान्सा घर तथा खाद्य भण्डार केन्द्र निर्माणका लागि WFP लगायत दातृ निकाय सँग समन्वय गरिने छ ।

१६. पालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयको शिक्षक विद्यार्थी र भौतिक अवस्थाको सम्पूर्ण तथ्याङ्कको व्यवस्थापनका लागि एकीकृति शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS लाई व्यवस्थित गरि सोका आधारमा विद्यालय अनुदान वितरण प्रकृया प्रारम्भ गरिनेछ ।

१७. शैक्षिक क्यालेन्डर, शिक्षक डायरी, शिक्षक झोला र कक्षा १-३ को निरन्तर मूल्याङ्कनलाई प्रभावकारी बनाउन विद्यार्थी मूल्याङ्कन अभिलेख पुस्तिका छपाई वितरण कार्य गरिनुका साथै विद्यालय सुधार येजना वनाइ विद्यालय ग्रेडिङ गरी अध्यापन कार्यलाई प्रभावकारी वनाउन नियमित अनुगमन गर्ने निती लिइने छ ।

**ख. स्वास्थ्य**

१. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता जटिल रोगको निःशुल्क जाँच र प्रथामिक उपचारको प्रवन्ध मिलाइने छ साथै संघीय कार्यविधि अनुसार मासिक वृत्ति रकम उपलव्ध गराइनेछ ।

२. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ।

३. आर्थिक रुपमा अति विपन्न गाउँपालिकाका जेष्ठ नागरिक, असक्त, अपाङ्ग र सुत्केरीको स्वास्थ जाँच र उपचारको लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवा प्रबन्धलाई निरन्तरता दिईनेछ।

४. आर्थिक रुपमा विपन्न र दीर्घरोगी नागरिकलाई निःशुल्क औषधी उपचार खर्च व्यवस्था गरिनेछ ।

५. महिला स्वास्थ्य स्वयंसेविकाहरुको कार्यविधि बनाई, योग्यता निर्धारण गरी सेवामा परिमार्जन गरी सेवा विस्तार गरिनेछ।

६. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

भरत बहादुर रोकाया
गा.पा. अध्यक्ष

७. गरिब परिचय पत्रका आधारमा स्वास्थ सीमान्तकृत, गरिब तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बिमा गरिनेछ।

८. पालिका स्तरको आयुर्वेध सेवा केन्द्रलाई स्तरोन्नति गरी सेवा विस्तार गर्ने नीति लिईनेछ।

९. स्वास्थ चौकीहरुमा ल्याब सेवा प्रभावकारी बनाउने व्यवस्था गरिनेछ।

१०. सुत्केरी महिला र दुर्घटनामा परेका विरामीलाई एम्बुलेन्स सेवा निःशुल्क गरिनेछ ।

११. महिला स्वास्थ्य स्वयंसेविकालाई थप प्रोत्साहन गर्ने गरी सुत्केरीलाई स्वास्थ्य संस्थासम्म पुगाई डेलिभरी गराए वापत रु. ५०० थप प्रदान गरिनेछ ।

१२. ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई वर्षमा दुई पटक घरमै गएर स्वास्थ्य परीक्षण तथा निशुल्क औषधोपचार सेवा दिइने छ

१३. यस स्वामीकार्तिक खापर गाउँपालिका बासीको उपचारका लागि ललितपुरको HRDC , बयालपाटा अस्पताल अछाम, जिल्ला अस्पताल बाजुरा, प्राथमिक स्वास्थ्य केन्द्र कोल्टी, काठमाण्डौ मेडिकल कलेज लगायत देशका अन्य स्वास्थ्य संस्था सँग साँझेदारी, समन्वय र सहयोग गर्ने नीति लिईनेछ ।

१४. पोषणमैत्री स्थानिय शासनको निती अवलम्वन गर्दै गाउँपालिकामा ब्याप्त रुपमा रहेको कुपोषण आगामी ३ बर्ष भित्र न्युनिकरणका लागि **बहुक्षेत्रिय पोषण** लगायत कार्यक्रम संग समन्वय गरी लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

**ग. खानेपानी, सिँचाई तथा सरसफाई**

१. खानेपानीको समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरुको खोजी तथा योजना तयार गरी खानेपानीको उपलब्ध तथा वितरणको व्यवस्था मिलाइने छ ।

२. एक घर, एक धारा र एक शौचालयको नीतिलाई निरन्तरता दिईएको छ ।

३. गाउँपालिका भित्र रहेका पानीका मुलहरु, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण गर्ने नीति लिईनेछ ।

४. **'कृषिको आधार, सिंचाइमा सुधार'** अभियानलाई सार्थक बनाउन गाउँपालिका भित्रका सिचाई आयोजनाहरुको मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापनमा उपभोक्तालाई जिम्मेवार बनाउने नीति लिइनेछ ।

५. वाई लिफ्ट सिचाँई योजनामा बत्ती जडान गरि छिटो संचालनमा ल्याइनेछ ।

**घ. संस्कृति**

१. गाउँपालिका भित्र विद्यमान रहेका विविध जातीय भेषभुषा, रहन सहन, कला साहित्य, संगित लोक भाकाहरुको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइनेछ।



भरत बहादुर रोकाया
गा.पा. अध्यक्ष

२. यस गाउँपालिकाको प्राचीन मानव जनजीवन दर्शाउने भेषभुषा र प्राचिन सभ्यता झल्किने पुरातात्विक वस्तुहरुको संरक्षण गर्ने नीति लिईने छ ।
३. गा.पाका प्रमुख धार्मिक तथा देवस्थलहरुलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकसित [illegible]
५. स्थानीय कला, सस्कृति, भेषभुषा जगेर्ना गर्नका लागी भिडियो डकुमेन्ट्री बनाईनेछ ।

## ङ. युवा तथा खेलकुद

१. खेलकुदको विकास गर्न विद्यालयका खेल मैदानलाइ स्तरउन्नति गरिनुका साथै पालिका स्तरीय खेलकुद मैदान निर्माणमा पहल गरिने छ ।
२. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुने विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।साथै जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी भई यस गाउँपालिका अन्तर्गतका विद्यालयका खेलाडीहरुलाई पुरस्कृत गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
३. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "**विदेश हैन बिजनेस**" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइने नीति लिईनेछ।
४. युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
५. विपन्न, गरिव परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्यावसायिक पशु पालन तथा तरकारी खेती, सिलाइ बुनाइ जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।
६. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
७. पालिका स्तरीय हाजिरीजवाफ प्रतियोगिता संचालन गरिनेछ ।
८. मैना जोशी स्मृति महिला भलिबल प्रतियोगिता संचालन गरिनेछ ।

## च. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा सिल्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. अपाङ्गता भएका व्यक्तिहरु तथ्याङ्क संकलन गरी संघीय कार्यविधिले समेट्न नसकेको अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी आबश्यक भत्ताको व्यवस्था गरिनेछ।

५. **"हिंसा मुक्त गाउँपालिकाको अभियान हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशिलताको नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

६. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

७. गाउँपालिका भित्र हुने गरेका बाल बिवाह,छुवाछुत र छाउपडी जस्ता सामानिक कुरीति लाई न्यूनिकरण गिरने छ ।

## ६. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. स्थानिय स्तरमा कस्तुरी ब्यवसाय गर्ने नीति निर्माण गरिने छ ।

२. स्थानिय मदिराको ब्यवस्थित उत्पादन विक्रि वितरणको निती लिइ अय अर्जन बढाइने छ ।

३. स्थानिय स्तरमा पाइने तोरी, ढँटेलो, गलन, चुली जस्ता तेलहन वालीवाट तेल उत्पादन गरी वजारीकरणका लागि अवश्यक कार्य गरिने छ ।

४. स्थानिय स्तरमा पाइने गान्टेमुलो (चोतो) को असुरो र अचार उत्पादनमा प्रोत्सान गरी ब्यवसायिक उत्पादन कर्तालाइ उत्पादन र ढुवानीमा समेत सैलियतको ब्यवस्था गरिने छ ।

५. स्याउ ओखर पकेट क्षेत्र, अलु प्याज पकेट क्षेत्र, कोदो जै फापर पकेट क्षेत्र, केरा कागती पकेट क्षेत्र घोषणा गरी उत्पादन र बजारीकणको नीति लिइने छ ।

### १. कृषि तथा पशुपंक्षी

१. पशुपंछी फर्म स्थापना गरी व्यावसाय सञ्चालन गर्ने युवालाई अनुदान सहयोग गर्ने नीति लिईनेछ ।

२. **'स्थानीय सरकार, कृषकको सहयोगी'** भन्ने नाराका साथ रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।

३. यस गाउँपालिकामा संचालन रहेका स्याउ तथा ओखर लगायत बिभिन्न फलफूलको विरुवा उत्पादन गर्ने नर्सरीलाई प्रोत्साहित गरिनेछे ।

४. भेडा फर्मलाई आगामी आ.व. मा पनि निरन्तरता दिईनेछ ।

५. यस गाउँपालिकाको कृषि उत्पादनलाई प्रवर्द्धन र बजारीकरण गर्न कृषि एम्बुलेन्स प्रयोगमा ल्याईनेछ ।

भरत बहादुर रोकाया
गा.पा.अध्यक्ष

६. स्थानीय खाद्य उत्पादन संकलन तथा विक्रि वितरण गर्न पाँचै वडामा कोसेली घरको स्थापना गरिनेछ ।

७. स्थानीय गुणस्तरीय मदिरा उत्पादन गरी व्यवस्थित विक्रि वितरण गर्न यो आर्थिक वर्षमा एक स्तरिय फर्म स्थापना गरि उत्पादन गरिनेछ ।

८. खाद्य तथा कृषि क्षेत्रमा सवैभन्दा बढी उत्पादन गरि विक्री गर्ने किसानलाई नगद प्रदान गरी प्रोत्साहन गरिनेछ ।

९. व्यावसायिक फर्म वा व्यावसायीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।१ सय वोट भन्दा बढी स्याउ लगाउने कृषकलाई प्रतिवोट रु. १० प्रोत्साहन स्वरुप प्रदान गरिनेछ ।

१०. एक घर एक दुहुनो गाई होस भन्ने नीतिलाई सार्थकता दिनका लागी नस्ल सुधार कार्यक्रम लागू गर्दै ५ वटा वडामा ५ वटा उन्नत जातका साँढे खरिद गरी ५ वटा व्यावसायी फर्मलाई हस्तान्तरण गरीने नीति लिईनेछ ।

११. कृषिको (स्याउ, आलु, ताजा तरकारी र रैथाने बाली आदी) उत्पादन, प्रर्वद्धन र बजारिकरणका लागि विउ बैंक सहकारी सँग आवस्यक समन्वय र सहकार्य गर्दै G.I.Z /GRAPE परियोजना सँगको सहलगानीमा निर्माणधिन कृषि पूर्वाधारहरु (सेलार स्टोर, संकलन केन्द्र) आदिको समयमै निर्माण सम्पन्न गर्दै समग्र कृषि मुल्य श्रृंखलाको दिगो विकास गर्ने नीति लिईने छ।

१२. जलवायू परिवर्तन, रोग तथा किराको प्रकोप एवं प्राकृतिक विपदबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनिकरण गर्न कृषि बाली तथा पशुपन्छी विमा कार्यक्रमलाई प्राथमिकता दिईनेछ । जलवायु अनुकुल कार्यक्रम संचालन गर्न विभिन्न विकास साझेदार गैर सरकारी संघ संस्था तथा निजि कृषक तथा व्यवसायीहरु सँग सहकार्य गर्ने नीति लिईनेछ ।

## २. उद्योग तथा पर्यटन

१. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी प्रभावकारी बनाइनेछ ।

२. उद्योग व्यवसाय दर्ता तथा नविकरण नगरी सञ्चालन गरेका ब्यवसायीलाइ कानुनको दायरामा ल्याइ दर्ता गरेर सञ्चालनका लागि प्रोत्साहन गरिने छ ।

३. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु सडक सञ्जालमा जोड्न सम्भावित सडकको निर्माण गरिनेछ।

४. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न होडिङबोर्ड लगायत सामाग्री राखिनेछ।

भरत बहादुर रोकाया
गा.पा.अध्यक्ष

५. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकासँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

**३. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विउपुँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र बार्षिक उत्पादनका आधारमा अनुदान दिने नीति लिइने छ।
२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
३. शहकारी व्यावसायीलाई प्रर्वद्धन गर्ने कार्यक्रम लागू गर्दै उत्पादन गर्ने सहकारीलाई अनुदान प्रदान गर्ने नीति तथा कार्यक्रम ल्याईनेछ ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना ,बस्ति विकास ,आवास तथा पूर्वाधार)

१. यस गाउँपालिकाको झुगला सुइजिउला रातापाखा हुँदै पुलाँहा सम्मको करिव ४० कि.मि सडकलाइ स्व. उपाध्यक्ष मैना जोशीको सम्मानमा **मैना जोशी मार्ग** नामाकरणं गरिएको छ ।
२. गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि आ.व.२०८१/८२ भित्र जग्गा खरिद गरी भवन निर्माणको कार्यलाई अगाडी बढाइने छ ।
३. आवधिक योजना, आवास योजना, र बस्ति विकास योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयनका लागि संघ र प्रदेश सरकार सँग मागका लागि पहल गरिनेछ।
४. गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा बस्ति विकास, भवन तथा सार्वजनिक निर्माण, साना शहरी क्षेत्र निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
५. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।
६. गाउँपालिकाको सिमाना एकिन गरी गाउँपालिका सिमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिने छ।
७. गाउँपालिकाको केन्द्र देखि वडा नं. ३ स्थित भैरबनाथ सम्मको ११ कि.मि. सडकलाई यसै आर्थिक वर्षमा ग्रावेल सडकमा स्तरोन्नति गरिनेछ ।साथै गाउँपालिकाको केन्द्र देखि



भरत बहादुर रोकाया
गा.पा. अध्यक्ष

वडा नं. ४ हुदै वडा नं. ५ वडा कार्यालयसम्म यसै आर्थिक वर्षमा ग्रावेल गरी सडक स्तरोन्नति गरिनेछ ।

८. गाउँपालिकाको केन्द्र देखि वडा नं. १ हुदै वडा नं. २ को माझगाउँ सम्मको कर्णाली छालको मैना जोशी सडक खण्डको रातापाखा भुकाहाँ देखि वडा नं. २ को फयालगाउँ सम्म सडक खण्डलाई यसै आर्थिक वर्षमा **ट्र्याक ओपन** गरिनेछ ।

९. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्रसंगको साझेदारीका लागि विभिन्न आयौजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१०. दिर्घकालिन लक्ष्यका आयोजनाहरु संचालन गर्नु पूर्व सम्बन्धित विषय विज्ञबाट अध्ययन गराईनेछ ।

११. वडा नं ०१ को मुक्तिकोट र वडा नं. ०२ को मध्य भागमा पर्ने गरी कूटानी पिसानी मिलको स्थापना गर्ने र वडा नं ०२ को रोकायावाडा नजिक रहेको बिग्रेको ट्रान्सफर्मरको स्थानमा ५० के.भि. को ट्रान्सफर्मर स्थापना गरिनेछ ।

१२. गाउँपालिकाको तलिजोरु देखिं महताराबाडा हुँदै ठोटा सम्मको सडक निर्माणका लागि यसै वर्ष देखि ट्याक ओपन गरिने छ।

१३. वैकल्पीक उर्जा सँग गाउँपालिकामा संचालित लघू जल विद्युत आयोजनाको मर्मत सम्भार सुधारका लागि आवश्यक कार्यक्रम अगाडी बढाईनेछ ।

१४. पिलुचौरको झोलुङ्गे पुल मर्मत सम्भार गरिनेछ ।

## ८. न्याय ,कानुन तथा मानव अधिकार प्रवर्द्धन

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछन।

३. गाउँसभाबाट हालसम्म निर्माण भएका ऐन कानुनहरुलाई संग्रहित गरी स्थानीय कानुन संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. गाउँपालिकालाई आबश्यक पर्ने विषयगत कानुनहरु निर्माण गरी कार्यान्वयन गर्न मेलमिलाप कर्तालाई थप सक्रिय गरिनेछ।

६. **"न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो"** भन्ने न्यायको सिद्धान्तलाई अंगिकार गर्दै न्यायिक समितिबाट सम्पादन हुने विबाद तथा मुद्दालाई छिटोछरितो र पारर्दशि रुपमा सम्पादन गरिनेछ।

भरत बहादुर रोकाया
गा.पा.अध्यक्ष

७. गाउँपालिकामा हाल सम्म बनेका ऐन, कानुनहरु समयानुकुल परिमार्जन र संशोधन गरी एकिकृत रूपमा प्रकाशन गरिनेछ ।

## ९. संस्थागत विकास तथा सुशासनः

१. गाउँपालिकामा कार्यरत कर्मचारीको कार्य विवरण तयार गरी लागु गरिनेछ ।

२. स्थानीय तहले आ.ब. २०८१/०८२ मा तर्जुमा गरेका योजना तथा कार्यक्रमहरु कार्यान्वय गर्न बार्षिक कार्ययोजना बनाई लागु गरिनेछ ।

३. कर्मचारीहरुलाई विषयगत क्षमता अभिवृद्धि हुने तालिम र कार्यसम्पादनका आधारमा दण्ड तथा परस्कृत गर्ने निती अबलम्बन गरिनेछ ।

४. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

५. वर्षमा २ पटक गाउँपालिका स्तर तथा वडा स्तरमा सार्वजनिक सुनुवाई गरिनेछ ।

६. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

७. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सिप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई उपलब्धिमुलक, परिणाममुखी बनाईनेछ ।

८. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ ।

९. भोकै रहेंकालाई एक छाक मिठो खान भन्दा जीवनभर बाच्न पुग्ने सिप सिकाउने नीति अवलम्वन गरिनेछ ।

१०. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) र खरिद गुरू योजना बनाइने छ ।

११. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य गरिने छ ।

१२. यस गाउँपालिकामा भित्र कार्यरत कर्मचारीमध्येबाट नियमित, सेवामैत्री व्यवहार, निष्पेक्षता, कार्यतत्परता, अनुशासित र लगनशीलताका आधारमा प्रोत्साहन गरिनेछ भने अनुशासनहिन र नियम विपरित कार्य गर्ने कर्मचारीलाई दण्डित गर्ने नीति लिईनेछ ।

१३. आगामि आर्थिक बर्षमा गाउँपालिका भित्र स्वास्थ्य, पशु, कृषि र पञ्जिकरण सम्वन्धी शिविर सञ्चालन गरिनेछ

भरत बहादुर रोकाया
गा.पा.अध्यक्ष

१४. आर्थिक वर्षदेखी कार्यालयमा चाहिने सम्पूर्ण सामाग्रीहरुको खरिद कार्य वार्षिक खरिद योजना अनुसार टेन्डर प्रक्रिया द्धारा आपूर्ति गर्ने नीति लिईनेछ ।

## १०. वन ,वातावारण ,जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता बढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वियन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र सुधार गरी जल, जमीन, तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।

४. ढुंगा गिट्टि, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

५. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपंद् जोखिम प्रतिकार्य तथा पुनरुत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

६. **'हरियो बन स्वामीकार्तिकको धन'** भन्ने मुल नाराका साथ सुक्खा डाँडाकाँडामा हरियाली बनाउन बृक्षारोपण कार्यक्रमको निति ल्याइनेछ ।

७. स्थानीय विपद प्रतिकार्य योजना निर्माण गरिनेछ ।प्राकृतिक प्रकोप र जलउत्पन्न प्रकोप ब्यवस्थापनका लागि गाउपालिका स्थित विपद ब्यवस्थापन समितिको सिफारिसमा एकद्वार प्रणालीबाट राहत वितरण गर्ने ब्यवस्था गरिने छ ।

८. हाम्रा सामुदायिक बन जंगलमा खेर गएको काठलाइ सदुपयोग गरी गाउँपालिकाको आन्तरिक आय आर्जन गर्ने नीति लिइनेछ ।

## ९. सूचना तथा संचार प्रविधि

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने , गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. स्थानीय रेडियो वा टेलिभिजन, एफ.एम. सँगको सहकार्यमा सञ्चालित **"हाम्रो पालिका"** कार्यक्रम प्रसारण गरिनेछ ।

३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइ प्रतिस्पर्धाका आधारमा सार्वजनिक सूचना प्रदान गरिनेछ ।

भरत बहादुर रोकाया
गा.पा. अध्यक्ष

४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचना प्रविधी मैत्री बनाइनेछ।
५. गाउँपालिकावाट भए गरेका कामको डिजिटल माध्यमबाट प्रकाशन प्रसारणको ब्यवस्था मिलाइने छ ।

## १०. राजस्व तथा आन्तरिक श्रोत परिचालन

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।
३. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
४. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानुनका कारण र उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।
५. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।
६. वडाको राजश्व संकलन क्षमताका आधारमा वडालाई वजेट विनियोजन गरिनेछ ।

**अन्तमा ,**

हाम्रो दुई बर्षको कार्यकालमा स्वामीकार्तिक खापर गा.पा. बासिका अवस्यकता र चाहानाहरुको सम्बोधन गर्न विभिन्न प्रयास गर्दा गर्दै पनि पुरा भएको छैन । तसर्थ, जनताको प्राथमिकतामा रहेका र साधन स्रोतले भ्यायसम्मका कार्यक्रमलाई क्रमिक रुपमा यथाशक्य सम्बोधन गर्दै स्वामीकार्तिक खापर बासिको आशा र भरोसालाई निरन्तर सम्बोधन गर्न प्रयास गिररहेका छौं । यसका लागि हामी संघ तथा प्रदेश सरकार एवं विकास साझेदार संगै समेत हातेमालो गर्दै अघि बढ्ने छौं । आ व २०८१।८२ का लागि प्रस्तुत यस निती तथा कार्यक्रमको कार्यान्वयन गर्न आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग उपलब्ध गराइ दिन हुन आम गाउँपालिका बासि, मतदाता निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, विभिन्न संघ संस्था, कर्मचारी, बुद्धिजीवी, एवं प्रबुद्ध वर्ग, राजनितिक दल एवं संघ तथा प्रदेश सरकार समक्ष हार्दिक अपिल गर्दछु ।

धन्यवाद, नमस्कार।

... बहादुर रोकाया
गा.पा.अध्यक्ष